# नीतिगत निर्णयहरू

क) जिल्ला विकास समितिवाट पेश भएका तपशिलमा उल्लेखित नीतिगत निर्णयहरुलाइ स्वीकृत गर्ने निर्णय गरियो ।

**सुशासन क्षेत्र :**

**निर्णय नं: १**

जिल्लाका राजनीतिकर्मी, प्रशासक र कर्मचारी लगायत सरोकारवाला सवैले सुशासन कायम राख्न प्रतिवद्धता व्यक्त गर्ने र आआफ्नो जिम्मेवारी वहन गर्ने । कोहि कसैले आफ्नो जिम्मेवारी वहन नगरी लापरवाही गरेको पाईएमा त्यसलाइ कसैले पनि संरक्षण नगर्ने प्रतिवद्धता व्यक्त गरियो ।

**निर्णय नं: २**

प्रत्येक सरकारी कार्यालयहरु, गैर सरकारी निकायहरु, राजनैतिक दलहरुको आचार संहिता संवन्धित पक्षले तयार गरी कार्यान्वयनमा ल्याउने । आचार संहितामा एक व्यक्ति एक पदलाई जोड दिने ।

**आर्थिक विकास क्षेत्र :**

**निर्णय नं: १**

आ.व २०७०।०७१ को जिल्ला परिषदको निर्णयमा कृषि क्षेत्रको विकासका लागि रणनीतिक योजना तर्जुमा गर्ने भनि निर्णय भएकोमा हालसम्म कार्यान्वयन हुन नसकेकोले आ.व. ०७२।०७३ मा जिल्ला कृषि विकास कार्यालयको सक्रिय अगुवाइमा सम्पूर्ण सरोकारवालाहरुको समन्वयमा कृषि विकास रणनीतिक योजना २०७२।०७३ निर्माण गर्ने ।

**निर्णय नं: २**

आ.व २०७२।०७३ लाई स्याउ वगैचा व्यवस्थापन तथा उत्पादन वृद्धि घोषणा गरी कार्यान्वयन गर्न पहल गर्नुका साथै स्याउ पकेट क्षेत्रवाट उत्पादित स्याउको उद्योगीकरण गर्न ग्रेडिङ स्टोरेज तथा प्रशोधन केन्द्र स्थापना गर्न जिल्ला कृषि विकास कार्यालयले कार्यक्रम र कार्ययोजना बनाई सम्बन्धित निकायमा अनुरोध गरी पठाउने ।

**निर्णय नं: ३**

जिल्लाका चौविसै गा.वि.स मा फलफुल जडिवुटि विरुवाहरुको माग वढदै गएको हुदां आ.व ०७२।०७३ लाई कृषि फलफुल तथा जडिवुटि उत्पादन वृद्धि वर्षका रुपमा मनाउने र यसका लागि जिल्ला कृषि विकास कार्यालय, जिल्ला वन कार्यालय र अन्य सरोकारवाला निकायहरुको समन्वयमा कार्यक्रम संचालनको व्यवस्था मिलाउने ।

**निर्णय नं:४**

यस मुगु जिल्लामा कृयाशिल वेरोजगार युवालाई रोजगारी सृजना गर्ने र कृषि क्षेत्रको विकास गर्ने ग्रामीण कृषि कार्यकर्ता वा अन्य कृषि सम्बन्धि तालिम प्राप्त गरि सकेका व्यक्तिहरुलाई सम्बन्धित

गा.वि.स.मा कृषि प्राविधिकको नियुक्त गर्न गा.वि.स.लाई बजेट व्यवस्थाको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं: ५**

विगत आ.व. देखी यस जिल्लाको चारवटै भेगमा स्याउको उत्पादनमा निकै वृद्धि हुदै आएकोमा त्यसको भण्डारण तथा वितरणको राम्रो प्रवन्ध मिलाउन जिल्ला सदरमुकाममा ५० मे.ट. क्षमता भएको कोल्ड स्टोर निर्माण गर्न सम्बन्धित निकायमा अनुरोध गरी पठाउने ।

**निर्णय नं: ६**

यस जिल्लामा दिन प्रतिदिन वढदो दुग्ध पदार्थको मागलाई परीपूर्ती गर्न हाल जिल्लामा रहेका गाई भैसीवाट माग पुरा गर्न असम्भव भएकोले स्थानीय स्तरमा पालिएका गाई,भैसीहरुलाई एकालीन गर्वधारण गराई दुधको उत्पादन बढाई बजारको बढ्दो मागलाई पूरा गर्न जिल्ला पशु सेवा कार्यालयको अगुवाईमा कार्यक्रम र कार्ययोजना निर्माण र कार्यान्वयन गर्ने ।

**निर्णय नं: ७**

यस मुगु जिल्लामा वैंकिङ्ग कारोवार गर्ने एकमात्र वित्तिय संस्था राष्ट्रिय वाणिज्य वैंक शाखा कार्यालय रहेको हुदा सरकारी गैर सरकारी  कार्यालय तथा जनताका व्यक्तिगत आर्थिक कारोवार गर्न एकदमै चाप रहेको छ । जिल्लमा बैंकिङ्ग सेवा विकासका लागि कृषि विकास बैंकमा बैकिङ कारोवार गर्ने व्यवस्था मिलाउन,  रा.वा.वैंकले ATM सेवा संचालनको व्यवस्था मिलाउन र अन्य प्राइभेट बैंकका शाखाहरु स्थापना गर्न सम्वन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं.८**

पर्यटकिय स्थल रारा तालको संरक्षणको लागि बसेको नेपाली सेनाको व्यारेक, रारा राष्ट्रिय निकुञ्जको कार्यालय एवं सोको गेष्ट हाउस, रारा तालको किनारमै रहेकोले ताल प्रदुषित हुदै आएको, पर्यटकलाई पर्यटकिय गतिविधि गर्न समेत अवरोध हुदै आएकोले उक्त कार्यालयहरुलाई तालको किनारा भन्दा केही टाढा र प्रदुषण तालमा नआइपुग्ने गरी लामाचौर, माझघट्ट वा अन्य उपयुक्त स्थलमा सार्नको लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं.९**

मुगु जिल्लाको पर्यटकिय गतिविधि अभिवृद्धि गर्न आगामी वर्ष पर्यटकिय क्षेत्रहरुको पहिचान प्रचारप्रसार, महोत्सव, पदयात्रा लगायतका कार्यक्रमहरु तयार गरी संचालन गर्ने ।

**निर्णय नं.१०**

रारातालको पर्यटकिय महत्व रहेको र काठमाडौं तथा पोखरावाट राराको लागि सिधा हवाई सेवा नभएकोले पर्यटकलाई रारामा आकर्षण गर्न नसकिएकोहुदा  फेवा ताल एवं राराताललाई जोड्न पोखराबाट रारासम्म र राराएवं राजधानीलाइ जोड्न काठमाडौवाट रारा  बिच सिधा हवाई सेवा संचालनको लागि नागरिक उड्डयन प्राधिकरण र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

मुगु जिल्लामा पर्यटन क्षेत्रवाट आर्थिक समुन्नतीको पर्याप्त अवसर रहेकोले जिल्लाका धरोहरको रुपमा रहेको रारा ताल, ऋणीमोक्ष दह, छाँयानाथ, कान्ति हिमाल, कान्जिरोवा , कोइजी हिमाल, गड्ुलनुहाउनी, तातोपानीका कुण्डहरु, छायाँनाथ तिर्थस्थल, चंखेली हिमाल, मुर्माटप विभिन्न गुम्वा, पाटन क्षेत्र र अन्य पर्यटकिय क्षेत्रहरु पर्यटकिय कार्यक्रमहरुको आयोजना गरि पर्यटकिय गतिविधिहरु अभिवृद्धि गर्ने ।

**निर्णय नं.१२**

कर्णाली क्षेत्रको विशिष्ट अवस्था, परम्परागत प्रविधि, भाषा, कला, संस्कृती, परम्परा, रहनसहन जात्रा समग्र विषयहरुलाई परिचित र संग्रहित वनाउनको लागि रारा तालको आसपासमा कर्णाली संग्राहलय स्थापनाकोलागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं १३**

मुगु जिल्ला पर्यटकिय हिसावले अति महत्वपूर्ण स्थल भएतापनि यसको विकासको योजना हालसम्म नवनेको कारण योजनावद्ध विकास हुन नसकेको हुँदा आ.व. ०७२।०७३ मा सोको लागि मुगु पर्यटन गुरुयोजना बनाउन जि.वि.स.ले आवश्यक ब्यवस्था मिलाउने ।

**निर्णय नं १४**

मुगु जिल्लाको पर्याटकिय महत्व झल्काउन तथा रारा ताल लगायतका पर्याटकिय स्थलहरुको प्रचार प्रसार गर्न यहि २०७२ साल जेष्ठ महिनामा रारा किनारमा मन्त्रि परिषद वैठक राख्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

**निर्णय नं १५**

मुगुको पर्याटकिय महत्वलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा चिनाउन संचालन भएको लोलुफेरा अभियान, संचार सम्मेलन, जलवायु सम्मेलन तथा हिमालयन जुम्ला रारा अल्ट्रा म्याराथुन आयोजकहरुलाई धन्यावाद दिने ।

**निर्णय नं १६**

पर्याटकिय महत्व रहेको श्रीनगर ५ को पेमाछोइङ गुम्बा, पुलु ४ को शक्ति छोइङ गुम्बा, मुगुको पेमा छोइङ गुम्बा , किम्री ६र७ को मुरुकाङ हिमाल जाने पर्याटकिय पदमार्ग मर्मत र निर्माणको लागि सम्वन्धित निकायहरुमा लेखि पठाउने ।

**निर्णय नं १७**

मुर्मा गाँउको मष्टामाड्ु मन्दिरको तलतिरको भुभाग बाडि पहिरोको उच्च जोखिममा रहेको हुनाले यसको संरक्षणको लागि आवश्यक कार्य अघि बढाउने व्यवस्था मिलाउने ।

**निर्णय नं.१८**

मुगु जिल्लाको पर्यटकिय स्थलहरुको चिनारी गराउन नेपालगञ्ज, सुर्खेत तथा काठमाडौंका विमानस्थल लगायतका महत्वपूर्ण स्थलहरुमा मुगु जिल्लाका पर्यटकिय स्थलहरुको पोष्टर, फोटोहरु तयार गरी राख्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.१९**

जिल्लाका राजनीतिकर्मी, प्रशासक र कर्मचारी लगायत सरोकारवाला सबैले जिल्लामा सुशासन कायम गर्न प्रतिवद्धता व्यक्त गर्ने । कोही कसैले आफूलाई तोकिएको जिम्मेवारी वहन नगरी लापरवाही गरेको पाइएमा त्यस्ता कार्यलाई कसैले पनि संरक्षण नगर्ने प्रतिवद्धता व्यक्त गर्ने र यो प्रतिवद्धता आठौं गणतान्त्रिक जिल्ला परिषद्को सार्वजनिकिकरण कार्यक्रमबाट सार्वजनिक गर्ने ।

**निर्णय नं.२०**

कर्णाली अंचलको मुगु जिल्लाको पूर्वी भाग करान क्षेत्रको छुटै विशिष्ट अवस्था रहेकोले हालको व्यवस्था बमोजिमको विद्यालय शिक्षा प्रणाली प्रभावकारी हुन नसकेकोले उक्त क्षेत्रका विद्यार्थीहरुलाई माथिल्लो चिसो भेगबाट तल्लो क्षेत्रमा आवासिय विद्यालय स्थापना गर्नुपर्ने देखिएकोले पुलु बगरमा आवासिय विद्यालय स्थापना गर्नुपर्ने भएकोले यसको नीतिगत र कार्यक्रमगत व्यवस्थाको लागि जिल्ला शिक्षा कार्यालयले अध्ययन विश्लेषण गरी जिल्ला शिक्षा समितिबाट समेत अनुमोदन गराई निर्णयको लागि शिक्षा मन्त्रालयमा अनुरोध गरी पठाउने ।

**निर्णय नं.२१**

जलवायु परिवर्तन अनुकुल तथा यसका असरहरु न्यूनीकरणका लागि नेपाल सरकार विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयद्धारा जिल्लाको मांग्री, रोवा, रुगा, जिमा र सुकाढिक गा.वि.स.मा संचालन भैरहेको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको कार्यक्षेत्र विस्तारका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने । साथै जलवायु अनुकुलको कार्यलाई स्थानीय स्तरमा आन्तरिकीकरण गर्दै कार्यक्रम लागू नभएका थप ३ गा.वि.स.मा सम्बन्धित गा.वि.स. संगको सहकार्यमा जलवायु अनुकुल कोष स्थापना गर्ने ।

**निर्णय नं: २२**

मुगु जिल्ला प्राकृतिक श्रोतका  आधारमा धनि छ स्थानीय श्रोत सिप,कला संस्कृति को उचित प्रयोग विकास प्रर्वधन गर्न सकेमा जिल्ला र जिल्लावासी को आर्थिक स्तरमा वृध्दि हुनुका साथै रोजगारी श्रृजना समेत हुने हुदा लघु उद्यम विकास विस्तारको लागी लघु उद्यम विकास कार्यक्रम MEDEP संचालन गर्न सम्बन्धित निकायमा अनुरोध सहित सिफारिस गर्ने ।

**निर्णय नं: २३**

मुगु जिल्ला प्राकृतिक श्रोत र साधनवाट संम्पन्न भएता पनि हाल सम्म उल्लेखिनिय उद्योग स्थापना हुन नसक्दा रोजगारी तथा आय स्तरमा वृद्धि हुन नसकेको कुरा लाई मध्यनजर गरी जडिवुटी प्रशोधन नेपाली हाते कागज तथा अल्लो प्राशोधन लगायतका वस्तु उत्पादन उद्योग स्थापनाका लागी सम्बन्धित निकायमा आवश्यक व्यवस्थाको लागि अनुरोध गर्ने ।

**निर्णय नंः २४**

जिल्लामा सिलाईकटाईमा संलग्न गुणस्तरिय जनशक्तिको अभाव भएकोले सिलाईकटाई सम्बन्धी गुणस्तरिय जनशक्ति उत्पादन गर्न जिल्लामा एक सिलाइ कटाई तालिम केन्द्र स्थापना गर्न सम्वन्धित निकायलाई अनुरोध गर्ने ।

**निर्णय नंः २५**

यस जिल्लाको करान भेगमा पर्ने डोल्फु गा.वि.स.मा रहेको तामा फलाम र सुन खानीको संभाव्यता अध्ययनको लागि खानी तथा भुगर्भ विभागमा अनुरोध गर्ने ।

**निर्णय नंः २६**

राज्यको चौथो अंगका रुपमा चिनिने संचार क्षेत्रको जिल्ला स्तरमा कार्य गर्न  संचारकर्मी तथा पत्रकारहरुको क्षमता विकासका लागि कार्यक्रम तयार गरी सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**निर्णय नंः २७**

राष्ट्रिय ताल विकास समिति र कर्णाली एकिकृत पर्यटन विकास समिति मार्फत आउने वजेट पारदर्शी नभएको भनि विगतमा जनगुनासो आएकोले आगामी दिनमा उक्त कार्यलाई जि.वि.स. मार्फत गर्न गराउन सम्वन्धित निकायमा पहल गर्ने एवं कार्य संचालनमा सहयोग र समन्वयको व्यवस्था मिलाउने ।

**निर्णय नं २८**

जिल्लाको भौगोलिक अवस्थिति र वढदो जनसख्या को चापका साथै वेरोजगारको अवस्थाको मध्यनजर गरी स्थानीय स्रोत साधनको समुचित उपयोग गरी आर्थिक स्तरमा वृद्धि औद्योगिक गतिविधिहरुको प्रवर्द्धन गर्न घरेलु तथा साना उद्योग विकास समितिको अगुवाई तथा सरोकारवालाको समन्वयमा औद्योगिक ग्राम स्थापनाको सम्भाव्यता अध्ययन गर्ने ।

**सामाजिक क्षेत्र :**

**निर्णय नं. १**

यस जिल्लामा बिगत लामो समय देखि विभिन्न सरकारी तथा गैर सरकारी संघ सस्थाले सरसफाईका क्षेत्रमा कार्य गरेता पनि अपेक्षित उपलब्धी हासिल हुन नसकेकोले ग्रामिण खानेपानी तथा सरसफाइ समन्वय समितीको नेतृत्वमा स्थानीयस्तरमा रहेका अन्य सरकारी तथा गैर सरकारी सस्थाहरुको सहयोगात्मक भुमीका मा जनकेन्द्रित सरसफाई अभियान संचालन गर्ने निती कडाईका साथ कार्यान्वयन गर्न गाउस्तरिय सरसफाई तथा स्वच्छता समन्वय समिति (VWASHCC) को  क्षमता अभिवृद्धि गरी क्रियाशिल बनाउने ।

**निर्णय नं २**

नेपाललाई सन् २०१७ सम्ममा खुल्ला दिशामुक्त क्षेत्र बनाउने राष्ट्रिय लक्ष्य रहेको र मुगु जिल्लाको सरसफाई रणनीति योजनाले जिल्लालाई २०१५ सम्ममा खुला दिशामुक्त क्षेत्र घोषण गर्ने लक्ष्य लिएकोमा अपेक्षित उपलब्धी हासील हुन नसकेकोले आगामी आ.व. २०७२।०७३ भित्र खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न आवश्यक व्यवस्था मिलाउने एवं राजनीतिक दलको अगुवाईमा सरसफाई Political Party Lead Total Sanitation (PLTS) समुदायको अगुवाइमा पूर्ण सरसफाई अभियान CLTS जस्ता पद्धतीलाई प्रयोग गरि कार्य सम्पादन गर्ने ।

**निर्णय नं ३**

जिल्लामा संचालीत खानेपानी, सरसफाई एवं अन्य भौतिक पूर्वाधार निर्माणका योजनाहरुको दिगोपनाको लागि योजना प्रस्ताव गर्दा नै मर्मत संभार, भैपरीमर्मत एवं निरन्तर संचालनको लागि उपयुक्त कार्ययोजना पेश भएपछिमात्र योजना संम्झौता गर्ने नीति अवलम्बन गर्ने ।

**निर्णय नं ४**

हाल राज्यले समुदायको अगुवाईमा पूर्ण सरसफाईको अवधारणामा शुन्य अनुदान पद्धतीमा कार्य गर्ने नीति लिएको भएतापनि स्थानीय परिबेश अनुसार गरिब तथा विपन्नलाई अनुदान दिनु पर्ने भएमा ग्रामिण खानेपानी तथा सरसफाई समन्वय समितीसँग समन्वय गरि उक्त समितीले पहिचान गरेका लक्षित बर्गलाई सहयोगको लागि विशेष कार्यक्रमको व्यवस्था गर्ने ।

**निर्णय नं ५**

हाल समाजमा बाल बिवाह, बृद्ध तिरस्कार, एकल महिला अपमान जस्ता समाजिक तथा घरेलु हिंसाले उनीहरु पिडित भईरहेकाले उक्त समस्या वा कुरीतिलाई न्युनिकरण गरि हिंसामुक्त सुरक्षित समाज बनाउन महिला तथा वालवालिका कार्यालयको अगुवाईमा सबै क्षेत्र तथा निकायको सहयोगमा चेतनामुलक घुम्ती शिवीरहरु संचालन गर्ने ।

**निर्णय नं ६**

हालको बाल बिवाहाको बढदो दरलाई मध्यनजर गरि यो समस्याको समाधान गर्न जिल्ला वाल कल्याण समिति, स्थानीय बाल क्लव, गाउँ बाल कल्याण समिती तथा महिला स्वास्थ्य स्वम सेबिका तथा जिल्ला प्रहरी कार्यालयको महिला तथा बाल बालिका सेलको प्रतिनीधी समेत सदस्य रहने गरि एक बाल बिवाह न्यूनिकरण संयन्त्र निर्माण गरि सोही सयन्त्र मार्फत अभियान संचालन गर्ने नीति अवलम्बन गर्ने । जिल्लामा वाल स्याहार केन्द्र र वृद्धाश्रमको स्थापनाको लागि पहल गरिने ।

**निर्णय नं ७**

जिल्लामा वाल स्याहार केन्द्र र बृद्धाश्रमको स्थापनाको लागि सम्बन्धित निकायहरुमा अनुरोध गरि पठाउने ।

**निर्णय नं. ८**

आदिवासी जनजाति समुदायको सशक्तिकरण र मूल प्रवाहिरणको लागि  स्थानीय भेषभुषा, धर्म तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण गर्नका लागी जिल्ला जनजाती समन्वय समितीको अगुवाईमा बिभिन्न निकायको सहयोगमा सो संग सम्बन्धित कार्यक्रमहरु संचालन गर्ने र सार्वजनिक हितको सुचना प्रसारण गर्दा जनजाती भाषामा समेत प्रसारण तथा प्रकाशनको व्यवस्था मिलाउने ।

**निर्णय नं. ९**

जिल्लाको करान क्षेत्रमा रहेका जनजाती समुदायको मौलिक भाषा संस्कृति, भेषभुषा, परम्परागत प्रविधी आदीको संरक्षण सम्बर्द्धन र प्रचार प्रसारको लागि उपयुक्त स्थानमा जनजाती संग्राहलय स्थापनाको लागि सम्बन्धित निकायमा बजेट व्यवस्थाको लागि अनुरोध गर्ने ।

**निर्णय नं १०**

विगत लामो समय बसोबास गर्दै आएका मुगु जिल्लामा भएका तर राष्टिय दलित आयोगमा सुचीकृत भै नसकेको कुमाल, लावढ, साहानी तथा अन्य छुट भएका दलित जातीको सुची बनाई दलित सुचीमा समाबेश गर्न दलित आयोग तथा संघिय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाउने ।

**निर्णय नं ११**

राज्यले लिएको सामाजिक समाबेशीकरणको नीतिको कार्यान्वयनका लागि बन्चीतिकरणमा परेका जाति बर्ग, क्षेत्र लिंग तथा समुदायहरुलाई समान अवसरमा प्रदान गर्ने तथा पहुँच अभिबृद्धि गर्न सबै सरकारी तथा गैर सरकारी निकायहरुले प्राथमिकता दिने ।

**निर्णय नं १२**

शिक्षामा अपेक्षित गुणस्तरियता हासिल गर्न हालको सबै बिद्यालय बालमैत्री शिक्षण प्रणाली, सिकाई वातावरण तथा बिद्यार्थी उपस्थिती दरमा सुधार गर्न तत्काल प्राथमिक तहबाट शुरुवात गर्ने निर्णय पारीत गरियो ।

**निर्णय नं १३**

महिलाको साक्षरता प्रतिशत बृद्धि गर्न समुदायको अगुवाईमा पूर्ण सक्षारता अभियान संचालन गर्ने निर्णय पारीत गरियो ।

**निर्णय नं १४**

औसत सिकाई उपलब्धि बढाउने बिद्यालय तहमा आवश्यक सबै प्रकारका सिकाई सम्बन्धी पाठय योजना तथा  बिषयगत शिक्षक तथा नियमित मूल्यांकन प्रणालीमा जोड दिने नीति अबलम्बन गर्ने ।

**निर्णय नं.१५**

विद्यालयमा सुशासन कायम गर्न नियमित विद्यालय अनुगमन, निकासा सार्वजनिकरण गर्ने, लेखा परिक्षण तथा कार्यक्रमको समाजिक लेखाजोखा गर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन र अनुगमन मूल्यांकनको व्यवस्था मिलाउने ।

**निर्णय नं १६**

नियमित पठन पाठन तथा परीक्षा प्रणाली मर्यादित बनाउन जिल्ला शिक्षा समिती , अभिभावक संघ ,पेशागत संघ तथा संगठनको सहभागीतामा एक परिक्षा संचालन पूर्व योजना निर्माण गरि लागु गरिने निती कार्यान्वयन गर्ने ।

**निर्णय नं १७**

हालको अनुगनन प्रणालीमा सुधार गरि नतिजामुखी क्षेत्रगत अनुगमन प्रणलीलाई प्रभावकारी बनाउन सबै तहमा योजना तथा सुचांक बनाई कार्य गर्ने कार्यगत निती अवलम्बन गर्ने ।

**निर्णय नं १८**

शिक्षा बहु आयामीक भएकाले यसमा सवार्ङ्गिण प्रगती हासलि गर्न सबै क्षेत्र , तह तथा तप्कासँग प्रभावकारी समन्वय गरि शिक्षा क्षेत्रमा लगानी बृद्धि गर्ने निती अवलम्बन गर्न निर्णय पारीत गर्ने ।

**निर्णय नं १९**

शैक्षिक जगतमा दलित, महिला तथा जनजाती समुदायको प्रवाहीकरण हुन नसकेको बिद्यमान अवस्थमा तिनी समुदाय, बर्ग लिंङ्गको समावेशी र समाहिताको सबै शैक्षिक तहमा पँहुच तथा प्रतिनीधित्वको सुनीनिश्चतता कायम गर्ने नीति अवलम्बन गर्ने ।

**निर्णय नं २०**

पठनपाठनलाई व्यवस्थित र भय मुक्त तथा राजनैतिक हस्तक्षप मुक्त बनाउन राजनैतिक प्रतिवद्धता सहितको शुसान कार्ययोजना बनाई आगामी वर्षमा कार्यान्यनमा ल्याउने ।

**निर्णय नं २१**

सरकारी तथा गैर सरकारी निकायहरुले स्थानीय स्तरमा आवश्यक कर्मचारी नियुक्ति गर्दा समावेशीकरणको नीति वमोजिम भर्ना गर्ने व्यावस्था मिलाउने ।

**निर्णय नं २२**

देश शान्ति प्रकृयामा आइसकेको वर्तमान अवास्थामा शान्तिलाई दिगो रुपमा सम्वर्धन गर्न द्वन्दकालमा राज्यपक्ष र विद्रोही पक्षबाट मुगुमा सहादत प्राप्त गरेका ज्ञात अज्ञात सहिदहरुको स्मरणमा जिल्लाको उपयुक्त स्थानमा सहिद स्मारक स्थापना गर्न आवश्यक व्यवस्था मिलाउने र बजेट व्यवस्थाको लागि सम्वन्धित निकायमा लेखि पठाउने ।

**निर्णय नं २३**

पुलु गा.वि.स. मा रहेको प्रहरी चौकीलाई स्तरोन्नती गरी इलाका प्रहरी कार्यालय बनाउनका लागि जिल्ला सुरक्षा समितिलाई अनुरोध गर्ने ।

**निर्णय नं २४**

कार्किवाडा गा.वि.स.को प्रहरी चौकिको आफ्नो जग्गा कार्किवाडामा भए पनि हाल श्रीनगर चैनमा रहेकाले उक्त चौकिलाई कार्किवाडामा नै सार्न तथा रोवा गा.वि.स.को लुम्सामा प्रहरी चौकि स्थापना गर्न जिल्ला सुरक्षा समितिलाई अनुरोध गर्ने ।

**निर्णय नं २५**

यस मुगु जिल्लाको सदरमुकाम बाट २१ कोष टाढा रहेको सोरु भेगका गा.वि.स. हरुलाई स्वास्थ्य सुविधा दिन धैनकोट गा.वि.स.मा रहेको इलाका हे.पो. लाई स्तर बृद्धि गरि १५ शैयाको अस्पताल संचालन गर्न स्वास्थ्य मन्त्रालय र सम्वन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं २६**

मुगु जिल्ला अस्पताल हाल १५ शैयाको मात्र भएकाले विरामीको अत्याधिक चाप भएकाले यस्को विस्तार र सुधार गरी ५० शैयाको बनाउन तथा आधुनिक उपकरण, ल्याव र स्वास्थ्यकर्मीको व्यवस्था गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं २७**

मुगु जिल्ला अस्पतालको अस्पताल व्यवस्थापन समितिमा समिति तर्फ स्थायी कर्मचारीको व्यवस्था गरि प्रभावकारी सेवा प्रवाहको व्यवस्था मिलाउन आवश्यक सहयोग र स्विकृतीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने ।

**निर्णय नं २८**

विद्यालयहरुमा देखिएको विद्यार्थीको न्यून चापलाई मध्यनजर गर्दै नजिकमा रहेका विद्यालयहरुलाई Merge गर्ने विषयमा जि. शि.कार्यालयले अध्यायन गरि Merge गर्न उपयुक्त देखिएमा स्विकृतिका लागि शिक्षा मन्त्रालयमा पठाउने ।

**निर्णय नं २९**

इलाका एवं गाउँ स्तरका कार्यालयहरुको भौतिक अवश्था सुधार गर्न सम्वन्धित जिल्ला स्थित कार्यालयले विद्यामान भौतिक संरचनाको विश्लेषण गरि प्रतिवेदन सहित सम्वन्धित निकायमा माग गरि पठाउने ।

**निर्णय नं ३०**

द्वन्द्वको समयमा सहादत प्राप्त भु.पु. जिविस सभापति स्व. वखत ब.शाही र अग्रज राजनितिज्ञ कर्म जैसीको सालिक बनाउन सालिक निर्माण समिति गठन गरी निर्माण कार्य अघि बढाउने

**निर्णय नं.३१**

तिब्बतसंग जिल्लाको व्यापार व्यवसाय हुने गरे पनि सिमामा व्यवस्थित सुरक्षा प्रबन्ध नहुदा बार्षिक करोडौं भन्सार घाटा हुनुका साथै तिब्बत र मुगुमा अवैध बस्तु आयात निर्यात हुने गरेकोले सिमामा सशत्र प्रहरी राख्ने आवश्यक व्यवस्था मिलाउन जिल्ला सुरक्षा समितिलाई अनुरोध गर्ने ।

**निर्णय नं.३२**

जगतमाला उच्च माध्यमिक विद्यालय धैनकोट,रारा शिक्षा क्याम्पस गमगढीको भवन निर्माणको लागि शिक्षा मन्त्रालय मार्फत भारतिय राजदुतावासमा अनुरोध गरि पठाउने ।

**निर्णय नं.३३**

हालको जगतमाला उ.मा.वि.को स्तर उन्नती गरि स्नातक तह सम्मको पठन पाठनका लागि समुदायले आवश्यक श्रोत जुटाई सकेकाले उक्त स्नातक कक्षा संचालन अनुमति दिन त्रिभुवन विश्व विद्यालयमा अनुरोध गरि पठाउने निर्णय पारीत गरियो ।

**निर्णय नं.३४**

मुगु जिल्लाको समग्र विकासका लागि जिल्लामा संचालित गैह्रसरकारी संस्थाहरुबाट संचालन हुने कार्यक्रमको प्रभावकारी कार्यन्वयन, समन्वय तथा सहजीकरण लगायतका कार्य गर्न गै.स.स व्यवस्थापन गर्ने कार्यनीति अवलम्वन गर्ने र कर्यक्रमको अनुगमन तथा मूल्याङ्गकन एक द्धार प्रणालीबाट गरिने नीति लागु गर्ने ।

**भौतिक पुर्वाधार समितिले गरेका नीतिगत निर्णयहरु :**

**निर्णय नं. १**

जिल्लालाई खुला दिसामूक्त र धुवाँ रहित क्षेत्र घोषणाको लागि सरकारी तथा गैरसरकारी निकायबाट संचालनहुने कार्यक्रमको एकिकृत कार्ययोजना बनाई कार्यक्रम संचालनको व्यवस्था मिलाउने ।

**निर्णय नं.२**

मुगुका चार वटै भेगलाई सड्क सञ्जालमा जोड्नका लागि आवश्यक बजेटको व्यवस्थाको लागि सम्बन्धित निकायमा लेखि पठाउने ।

**निर्णय नं ३**

परम्परागत कृर्षि प्रणाली लाई बैज्ञानिक तथा आधुनिक वनाउनको लागि आवश्यक पर्ने सिंचाइ योजना संचालन गर्न प्राथमिकता दिने ।

**निर्णय नं ४**

जिल्लाको पूर्वि क्षेत्रमा पर्ने करानका ५ गाविस मा संचारको पहुँच नभएको हुँदा आगामी आर्थिक वर्ष भित्र संचार सेवा विस्तार गर्नको लागि सम्बन्धित निकायमा अनुरोध गरि पठाउने ।

**निर्णय नं ५**

हाल जिल्ला सदरमुकाम गमगढीमा मात्र इन्टरनेटको पहुँच भएकोले आगामी आर्थिक वर्ष भित्रमा जिल्ला भरिका २४ वटै गाविसमा इन्टरनेटको पहुँच पु-याउनका लागि सम्बन्धित निकायमा अनुरोध गरि पठाउने ।

**निर्णय नं ६**

जिल्लामा साना जलविद्युत आयोजना संचालन गर्न संभाव्य क्षेत्र पहिचान गरि विद्युत उत्पादन तथा वितरणको व्यवस्था मिलाउने र विद्युत उत्पादनको संभावना कम भएका क्षेत्रमा वैकल्पिक उर्जाको रुपमा सौर्य उर्जा प्रयोगमा विस्तार गर्ने नीति लिईने छ ।

**निर्णय नं ७**

परम्परागत घट्टलाई आधुनिक घट्टमा रुपान्तरण गर्ने र यसका लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने ।

**निर्णय नं ८**

विगतका जिल्ला परिषदवाट समेत अनुमोदन हुदै आईरहेको खत्याडखोला बिराबगर सेरा (५००KW) साना जलविद्युत आयोजनाको सर्भे डिजाइन तथा लागत स्टीमेट समेत सम्पन्न भै TRC समेत पास भईसकेको हुदा उक्त आयोजनालाई अघि वढाउनका लागी आवश्यक वजेटको व्यवस्थाका लागि राष्ट्रिय योजना आयोगका साथै अन्य सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं ९**

नेपाल पत्रकार महासंघ मुगु शाखाको आफ्नै कार्यालय भवन नभई भाडामा बस्दै आएको अवस्थामा महासंघको कार्यालय भवन निर्माणका लागि सम्बन्धित निकायमा माग गरी पठाउने ।

**निर्णय नं १०**

भौतिक पूर्वाधार योजना कार्यान्वयन गर्दा अनिवार्य रुपमा आई.ई.ई. र ई.आई.ए. प्रतिवेदन तयार गरेपछि मात्र उक्त योजनाहरुको विस्तृत प्राविधिक सर्वेक्षण र डिजाइन गरि कार्यान्वयनमा ल्याउनु पर्ने प्रावधान कडाईका साथ कार्यान्वयन गर्ने ।

**निर्णय नं ११**

जिल्लाका विद्यालय, स्वस्थ्य चौकी लगाएतका सम्पूर्ण सरकारी तथा गैर सरकारी कार्यालय द्धारा भवन निर्माण गर्दा बाल मैत्री,अपाङ्ग मैत्री बनाउने प्रावधानहरु कडाईका साथ कार्यान्वयन गर्ने ।

**निर्णय नं १२**

यस जिल्लाको सडक संजाललाई मूर्तरुप दिनका लागि छैटौं तथा सातौं परिषदबाट समेत पारिद हुदै आएका भट्टेचौर, झुगला लगायत जिल्लाका अन्य आवश्यक ठाउँमा पक्कि पुल निर्माणका लागि प्रथामिकताका साथ अगाडी बढाउन सम्वन्धित निकायमा अनुरोध गरि पठाउने ।

**निर्णय नं १३**

यस जिल्लाको जिल्ला सदरमुकाम गमगढीमा भवन निर्माण गर्दा प्राविधिक रुपमा नक्सा पास गरेर मात्र भवन निर्माण गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं १४**

यस जिल्लाको सदरमुकाम भित्रको सडक व्यवस्थित बनाउनु आवश्यक बजेट सम्बन्धित निकायमा माग गरी पठाउने ।

**निर्णय नं १५**

जिल्लाका भौतिक पूर्वाधारका योजनाहरु निर्माण गर्दा अनुगमन, मूल्याकन र गुणस्तर नियन्त्रणमा विशेष:जोड दिने
।

**निर्णय नं १६**

District Transport Master Plan (DTMP) मा समावेश हुन नसकेको तर महत्वपूर्ण जडिबुटी मार्गको रुपमा केन्द्रबाट रु. २९ करोड ९७ लाख बजेटको क्रमागत योजनाको रुपमा कार्यक्रम स्वीकृत भएको रुगा हुँदै छाइल सम्मको जडिबुटी मार्गलाई तत्काल सर्भे सम्पन्न गराई अगाडि बढाउने र आगामी वर्षमा DTMP अपडेट गर्दा समावेश गर्ने ।

**निर्णय नं १७**

गमगढी नाग्चेलाग्ना सडक रणनैतिक सडकको रुपमा रहेको र उक्त सडकको निर्माण कार्य विगत आ.व.बाट हुँदै आएता पनि प्रयाप्त बजेट विनियोजन नभई सडक निर्माण कार्यले वर्षौ लिने हुँदा सो सडकलाई छोटो समयमा सम्पन्नको लागि यस सडकको त्रिदेशिय सम्बन्ध र महत्व तथा आर्थिक एवंम सामाजीक महत्वको अध्ययन गरी उक्त अध्ययनको प्रतिवेदन संलग्न गरी पर्याप्त बजेट विनियोजनका लागि सम्वन्धित निकायरहरुमा अनुरोध गरी पठाउने ।

**निर्णय नं १८**

जि.वि.स.बाट विगत आ.व. मा सर्भे समेत भैसकेको घाटजिउला सिंचाई आयोजना सुकाढिक १ देखि ३ लाई जेट व्यवस्थाका लाीग सिंचाई डिभिजन कार्यालय जुम्लालाई अनुरोध गरी पठाउने ।

**निर्णय नं १९**

DBR (District Bridge Record) अपडेट गरी तत्काल कार्यान्वयनमा ल्याइने महत्वपूर्ण तपसिलका झो.पु. लाई सूचिमा राख्ने निर्णय गरियो ।

तपसिल :

१. देउसे गुम्बा झो.पु. मुगु ३ मुगु

२. बगौरा घट्टेखोला झो.पु. सुकाढिक २ र ४ मुगु

३. तिसीटुप झोलुङ्ग पुल पुलु-७-९

४. दोमुखा जुईना समैजे झोपु

५. डोल्फू कर्णाली झो.पु. डोल्फु ४

६. मांग्री च्याव्नी झो.पु. मांग्री

७. सेरोक खोला बगर झो.पु. पुलु ४,५,६

८. घाट देखि पारीघाट झो.पु. श्रीनगर ४

९. नरेखोला झो.पु फोतु

१०. जंगसेली गोठीखोला झो.पु गम्था

११. सेरीघट्ट चुली झो.पु सेरी

१२. निगाले खण्ड झो.पु श्रीनगर १

१३. खुन्का झो.पु. सेरी ६

१४. दयालु खोला झो.पु.

१५. ज्यूला घट्ट रोवा

१६. धौलीघाट झो.पु. पिना २,९

**<u>निर्णय नं २०</u>**

गत आ.व. ०७०।७१ को असार ८ गतेको अविरल वर्षाले श्रीकोट गा.वि.स.को पैंखु गाउँमा पहिरो गई सिचाई खानेपानी ,माईक्रो हाईड्रो लगाईतका फलफुल, बगैचा, घर गोठ तथा खेतबारी ध्वस्त भएका कारण जिल्ला विकास समिति तथा खानेपानी सव डिभिजनबाट रु. ३,००,०००। सम्मको कार्यक्रमले न्यनतम मुलबाटो मर्मत भै सामान्य आवागमनमा भएता पनि अन्य सम्पुर्ण संरचना ध्वस्त भएकै अवस्थामा रहेकोमा सो स्थानलाई पुनःस्थापन (Rehabilitation) का लागी  जल उत्पन प्रकोप नियन्त्रण डिभिजन कार्यालय सुर्खेत मार्फत कार्यन्वयन हुन अनुरोध गरी पठाएकोमा हाल सम्म कुनै कार्यकम संनचालनको जानकारी नआएकोमा पुनः सो स्थानको पुनस्थापन योजना बनाई कार्यन्यवनमा ल्याउने व्यवस्थाका लागि जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय तथा सो को विभागमा अनुरोध  गर्ने ।

**<u>निर्णय नं २१</u>**

मुगु जिल्लामा वाढी पहिरोको प्रकोप न्युनिकरणका लाीग तपसिल वमोजिम उच्च जोखिममा रहेका स्थानहरुको संरक्षणका लाीग जलउत्पन प्रकोप नियन्त्रण तथा संरक्षण  योजना बनाई तत्काल कार्यान्वयनमा ल्याउन सम्वन्धित निकायमा अनुरोध गर्ने ।

<u>तपसिल</u>

१.लेतेखोला ,

२. गमगढी बजार,

३. चैनखोला

४. रिगागाउँ

५. धैनकोट ७ को अध्याखोला

६. पानीखोला कार्कीवाडा २

७. किरियापाटा देखि झाडाडिल सम्म तटबन्धन

८.मसानघाट देखि डमनभोर

९. घाट तटबन्धन श्रीनगर ४

१०. मुसेचौर तटबन्धन निर्माण

११. लुवारमाडु कार्किवाडा ८, कार्किवाडा

१२.ताल्चा रिखियाबगर तटबन्धन

- **निर्णय नं २२**

  मुगु जिल्लाको सदरमुकाम गमगढीमा सार्वजनिक स्थल खेलमैदान कवडहल जस्ता पूर्वाधार नभएको कारण कुनै पनि सार्वजनिक आमभेला तथा खेलकुद सम्वन्धि कार्य गर्न कठिनाई भएकाले सो समस्यालाई हल गर्न जिल्लाको सदरमुकाम आसपासमा उपयुक्त जमिनको खोजी गरी जिल्ला विकास समितिले आ.व. ०७२।७३ मा सो स्थलमा कवर्डहल तथा मञ्च निमार्णको योजना बनाई कार्यान्वयनमा ल्याउने ।

  **निर्णय नं २३**

  मुगु जिल्ला भौगोलिक हिसाबले हिमाली परिवेसमा भएको र जिल्लाका अधिकांश सडकहरु हिमपात र बाढि पहिरोका कारण मौषमि रुपमा मात्र सञ्चालन हुने जस्ता समस्या बाट टाढा रहि River Route समेत पालना गरेको गमगढी धैन धुलाचौर जिल्ला सडक ग्रामिण पहुँच कार्यक्रमबाट हाल निर्माणाधिन अवस्थामा रहेको तर २१ की.मी. गिलाहा सम्म मात्र कार्यन्वयनमा ल्याएकोमा उक्त सडक लाई धैन धुलाचौर झुगालासम्म पुऱ्याउने कार्यक्रममा समावेस गर्न RAP -३ को केन्द्रिय आयोजनामा अनुरोध गरि पठाउने ।

- **निर्णय नं २४**

  मुगु जिल्ला भरखरै मात्र सडक संजालमा जोडीएको, जिल्ला विकास समितिको आफ्नो आन्तरीक श्रोत कम भएको, केन्द्र सरकारमै निर्भर रहनु पर्ने अवस्था रहेको देखिन्छ सडक संजाल विस्तार गर्ने न्युन वजेटले जिल्ला सडक सञ्चालन निमार्ण गर्न वषौ लाग्ने अवस्था भएको हुदा तपशिल वमोजीमका सडकलाई छिटो निमार्ण गर्नका लागी पर्याप्त वजेट विनियोजनको लागी संघीय मामीला तथा स्थानीय विकास मन्त्रालय , भौतिक पूर्वाधार तथा यातायात ब्यवस्था मन्त्रालयमा तथा सडक बिभागमा अनुरोध गर्ने ।

  तपशिल :

  - भट्टेचौर सोरुकोट भिई ग्रामिण कृषि सडक
  - पाँचे गम्था रास्कोटिबाडा नेटा सुकाढिक ग्रामिण कृषि सडक

**निर्णय नं २५**

जिल्ला बिकास समितिको कार्यालय मुगुबाट विगत आ.व बाट क्रमागत योजनाको रुपमा संञ्चालित खानेपानी आयोजना तथा सडक योजनाहरुलाई निरन्तर कार्यान्वयन गर्ने र पर्याप्त बजेटका लागी संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयलाई बजेट र कार्यक्रम बनाई पेश गर्ने ।

**निर्णय नं २५**

निम्न योजनाहरुमा यस आ.व. तथा आगामी आ.व. को लागि वजेट विनियोजन गर्न निर्वाचन क्षेत्र पुर्वाधार विशेष कार्यक्रम व्यवस्थापन तथा निर्देशन समितिलाई अनुरोध गर्ने निर्णय गरियो ।

१. खेल मैदान, कर्भड हल निर्माण, २. असिना प्रभावित क्षेत्रको विकास, ३. खत्याड खोला साना जलविद्युत आयोजना, ४. लेते खोला तटबन्धन, ५. डोल्फु चितै देखि छायाँनाथ सम्म बाटो, ६. भिई खानेपानी पुननिर्माण, ७. माल्कीदेव तटबन्धन रुगा, ८. भुनेखोला भ्रो.पु. सेरी ।

**वन तथा वातावरण क्षेत्र :**

**निर्णय नं १**

जिल्लाको पूर्व करान क्षेत्रको मुगु गा.वि.स. र डोल्फु गा.वि.स.का विभिन्न वन क्षेत्रमा पाईने यार्सागुम्बा संकलन , विक्रि वितरण र संरक्षण गर्न जिविस मुगुले एकिकृत कार्य योजना र निर्देशिका तयार गर्ने ।

**निर्णय नं २**

जिल्ला भित्रको भौगोलिक स्थितिलाई ध्यानमा राखी जिल्लामा हुने बाढी पहिरो, भू क्षय र वन जंगल फडानी जस्ता समस्यालाई न्युनीकरण तथा रोकथाम गर्ने कार्यका लागि जिल्लामा नै भु संरक्षण कार्यालयको शाखा स्थापना गर्न सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं ३**

जिल्लामा वन फडानी गर्ने, डडेलो लगाउने, अव्यवस्थित रुपले ढुंगा, माटो ,गिट्टी बालुवा निकाल्ने जस्ता कार्यहरुलाई नियन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउने ।

**निर्णय नं ४**

मुगु जिल्ला जुडिवुटी पाईने प्रमुख जिल्ला भएकाले यसको संरक्षण तथा प्रर्वद्धनका लागि सम्बन्धित निकायमा पहल गर्ने र जिल्लामा जडिबुटी संकलन कार्यलाई व्यवस्थित गर्न सम्बन्धित सरोकारवाला जडीबुटी व्यापारी , नेपाल जडिबुटी व्यवसायी संघ शाखा, जिल्ला वन कार्यालय, गा.वि.स. र जि.वि.स.हरु विच आपसमा समन्वय विस्तार गरि जिल्लामा जडिबुटी संकलन तथा छुट पुर्जी दिने व्यवस्थालाई सरलीकरण गर्ने ।

**निर्णय नं ५**

जिल्लामा रहेको वन व्यवस्थापनमा पारदर्शिता, जवाफदेहिता, उत्तरदायित्व कायम राखि सामुदायिक वन तथा समुदायको क्षमता अभिबृद्धि गराउने व्यवस्था मिलाउने ।

**निर्णय नं ६**

सामुदायिक वन उपभोक्ता समूहहरुको कार्य योजना नविकरण नभई वन व्यवस्थापन तथा विकासमा गतिरोध उत्पन्न भएको अवस्थालाई मध्यनजर गर्दै सामुदायिक वन उपभोक्ता समूहको कार्य योजना नविकरण कार्यलाई प्रभावकारी ढंगबाट अगाडी बढाउन र समुदायमा विवाद भई नविकरण हुन नसकेका र हुन नसक्ने अवस्थामा रहेका सामुदायिक वनहरु नियमानुसार कारवाही गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं ७**

स्थानीय निकाय स्रोत परिचालन निर्देशिका २०६९ तथा स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले तोके बमोजिम वन तथा वातावरण क्षेत्रमा विनियोजन गर्नुपर्ने बजेट विनियोजन गरी कार्यान्वयनमा ल्याउने ।

**निर्णय नं ८**

मुगु जिल्लाको रारा तालको प्राङ्गणमा मिति २०७१ साल कार्तिक १३ र १४ गते सु-सम्पन्न भएको राष्ट्रिय जलवायु सम्मेलनको घोषण पत्र २०७१ मा उल्लेखित विषयलाई प्रभावकारी रुपमा कार्यान्वयनको व्यवस्था मिलाउने ।

**निर्णय नं ९**

२० वर्षे वन नीति २०७१–२०९० लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन सम्बन्धित सरोकारवाला निकाय जिल्ला वन कार्यालय र अन्य निकाय बिच समन्वयको व्यवस्था मिलाउने ।

**निर्णय नं १०**

जलवायू परिवर्तनको असर तथा जोखिमबाट मुगु जिल्लामा परेको असर तथा असर न्यूनिकरणका लागि विभिन्न निकायबाट भएका प्रयासहरु सम्बन्धी वृत्तचित्र निर्माण गर्न विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय, नेपाल जलवायू परिवर्तन सहयोग कार्यक्रममा अनुरोध गर्ने ।

**निर्णय नं ११**

जिल्लामा वन क्षेत्र मासिदै गएको हुदा वन नर्सरी स्थापना गरि वृक्षारोपण गर्ने तथा भएका जंगलको संरक्षण गरि जिल्लाको पर्यावरणिय संतुलन कायम गर्न विशेष कार्यक्रम लागु गर्ने ।

**निर्णय नं १२**

जिल्लामा भई रहेको अव्यवस्थित ढुंगा, गिट्टी, बालुवाको उत्खनन तथा ओसार पसार तथा यार्सागुम्बा र अन्य जडिबुटीहरुको संकलन कार्यलाई  नियम संगत व्यवस्थित गरि जि.वि.स.को आन्तरिक आयमा बृद्धि गर्ने ।

**निर्णय नं १३**

जिल्लामा भौतिक पूर्वाधारका योजना जस्तै सडक, खानेपानी आदिको निर्माण गर्दा वातावरण मैत्री हुने गरी कार्यान्वयन गर्न र ५ लाख भन्दा बढिको योजना निर्माण गर्दा वातावरण संरक्षणका लागि वातावरण विकास योजना (Environment Development Plan) बनाएर मात्र योजना कार्यान्वयन गर्न जोड दिने ।

**निर्णय नं १४**

मुगु जिल्लामा रहेको रारा ताल दिनानु दिन प्रदुषित हुदै गई रहेको सर्न्दभलाई ध्यानमा राखी यस तालको र यसको वरिपरि पर्ने भुभागहरुमा तिव्र गतिमा हुन गई रहेको वन फडानी कार्य र जलवायु परिवर्तनको असरले पर्न गएको प्रभावलाई मध्यनजर गरि यसको सौन्दर्यलाई जोगाई राख्न आवश्यक व्यवस्था मिलाउने ।

**निर्णय नं १५**

जिल्लामा जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम संचालन गर्ने संघ संस्थाहरु धेरै भएको र धेरै जसो संघ संस्थाहरु एउटै कार्यक्षेत्र बनाई कार्यक्रम लागु गर्ने गरेको पाईएको हुदा समानुपातिक विकासको चरणको अवलम्बन गरि सवै भेग क्षेत्रमा समान रुपले कार्यक्रम लागु गर्न सम्बन्धित सरोकारवाला संघ संस्थामा निर्देशन दिने ।

**निर्णय नं १६**

रारा राष्ट्रिय निकुञ्ज अर्न्तगत मध्यवर्ती क्षेत्र भित्र पर्ने यस मुगु जिल्लाका ५ वटा गा.वि.स. र जुम्ला जिल्लाको २ वटा गा.वि.स.का स्थानीय समुदायको आफ्नो नीजि जग्गा मध्यवर्ती क्षेत्र भित्र पर्न गई उनीहरुको जीविकोपार्जनमा समस्या भएको हुदा मध्यवर्ती क्षेत्रमा परेको जग्गा धनीवालाहरुका लागि जिविकोपार्जनका कार्यक्रम संचालन गर्ने ।

**निर्णय नं १७**

यस जिल्लाको रुगा गा.वि.स.को वाम र हुम्लाको दार्म बीच रहेको सिमाना विवाद एवं जुम्ला जिल्ला र यस मुगु जिल्लाको घुच्ची बुलबुले बीचको सिमाना विवाद समाधानको लागि सम्बन्धित निकायमा लेखि पठाउने ।

**निर्णय नं १८**

जलवायु परिवर्तन अनुकुलन तथा यसका असरहरु न्यूनिकरणकालागि नेपाल सरकार विज्ञान प्रविधि तथा वातावरण मन्त्रालयद्धारा जिल्लाको मांग्री, रोवा, रुगा, जिमा र सुकाढीक गा.वि.स.मा सञ्चालन भइरहेको नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको कार्यक्षेत्र विस्तारकालागी अनुरोध गर्ने । साथै जलवायु अनुकुलनको कार्यलाइ स्थानिय स्तरमा आन्तरिकिकरण गर्दै कार्यक्रमले नसमेटेका थप ३ गा.वि.स.मा सम्बन्धित ग.वि.स.संगको सहकार्यमा जलवायु अनुकुलन कोष स्थापना गर्ने ।

**निर्णय नं १९**

यार्सागुम्वा पाउने स्थलमा वार्षिक ठूलो संख्यामा मानिसहरु प्रवेश गर्ने र सरसफाई वातावरण विनास भैरहेकोले उक्त क्षेत्रमा वातावरणीय सुधार योजना र जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।

**संस्थागत स्रोत तथा क्षमता विकास क्षेत्र :**

**निर्णय नं.१**

जिल्लामा रहेका स्थानिय स्तरका कार्यालयहरु जस्तै ईलाका हुलाक,अतिरिक्त हुलाक,स्वास्थ्य चौकि, उपस्वास्थ्य चौकि,रेन्ज पोष्ट,पशु सेवा उपकेन्द्र,कृषि सेवा केन्द्र खाद्य डिपो लगाएत अन्य जनमुखि सेवा दिने सरकारी तथा गैरसरकारी संघ संस्थाको स्तर बृद्धि गरि न्यायोचितरुपमा सेवाग्राहिहरुलाई छिटो छरितो सेवादिने र पदपुर्ति गरि क्षमता विकास गर्न सम्बन्धित सरोकारवालाहरुलाई परिचालन र निर्देशन गर्ने ।

**निर्णय नं.२**

मुगु जिल्लाका स्थानिय गैरसरकारी संघसंस्थाहरुको क्षमता बृद्धि गर्न तथा काम गर्ने अवसर प्रदान गर्न अन्तराष्ट्रिय, राष्ट्रिय एवं क्षेत्रिय गैरसरकारी संस्थाहरुले मुगु जिल्लामा कार्यक्षेत्र बनाएर काम गर्नु परेमा मुगु जिल्लामा दर्ता भएका स्थानिय गैरसरकारी संस्थाहरुलाई अनिवार्य साझेदारी गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने ।

**निर्णय नं.३**

बिगत जिल्ला विकास समिति अन्तरगत स्थानिय विकास कोष स्थापना भई कार्यान्वयनमा आएको तर हाल केहि वर्ष यता सो कोषको गतिबिधि सञ्चालनमा नआएर निस्कृय भएकोले सो कोषलाई क्रियासिल बनाउने ।

**निर्णय नं.४**

मुगु जिल्लामा ब्याप्त रहेको बेरोजगारी समस्यालाई समाधान गर्न गैससहरुले जनशक्ति नियुक्ति गर्दा उपलब्ध भएसम्म मुगु जिल्ला कै जनशक्तिलाई प्रयोग गर्न निर्देशन दिने ।

**निर्णय नं.५**

मुगु जिल्ला कृषिमा आधारित र फरक हावापानी भएको जिल्ला भएको ले यहाँको हावापानी सुहाउदो कृषि खेती प्रणाली अपनाउन आवश्यक भएको हुदा यस सम्वन्धि ज्ञान , सीप र क्षमता भएका जनशक्ति उत्पादनको लागि रारा शुष्क कृषि विश्वबिद्यालय स्थापनाका लागी सम्वन्धित निकायममा अनुरोध गरी पठाउने ।

**निर्णय नं.६**

मुगु जिल्लालाई छुवाछुत मुक्त जिल्ला घोषणा गर्नका लागी गाबिसहरुलाई छुवाछुत मुक्त गाबिस घोषणा गर्ने प्रकृयामा सरकारी तथा गैससहरुको समन्वयमा आवश्यक व्यवस्था मिलाउने । प्रत्येक गाबिसको वस्तुगत बिवरणमा दलितको जनसंख्या र दलित घरधुरि उल्लेख गरिनु पर्ने, जिल्लाको वस्तुगत विवरणमा पनि दलितको जनसंख्या र दलित घरधुरीको उल्लेख गर्ने ।

**निर्णय नं.७**

जिल्लामा रहेका स्थानिय संस्था, सञ्चार माध्यम र सञ्चारकर्मीका लागि क्षमता अभिबृद्धिका कार्यक्रम संचालनको व्यवस्था गर्ने ।

**निर्णय नं.८**

यस जिल्लामा गठित महिला, दलित संञ्जाल, बाल सञ्जाल, नागरीक सञ्जाल, खाद्य अधिकार सञ्जाल, राष्ट्रिय कृषक समूह महासंघहरुको क्षमता अभिबृद्धि गर्नका लागी विशेष क्षमता विकास कार्यक्रमहरु सञ्चालनका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं.९**

गा.वि.स.को कार्यालयहरुमा लामो समयसम्म अस्थायी पदमा कार्य गरेका प्राविधिक तथा प्रशासनिक कर्मचारीहरुलाई स्थानीय स्वायत्त शासन ऐन २०५५, नियमावली २०५६ तथा अन्य परिपत्रको आधारमा स्थायी प्रकृया अघि बढाउन उपर्युक्त देखिएमा प्रक्रिया अगाढी बढाउने निर्णय गरियो ।

**निर्णय नं.१०**

मुगु जिल्लालाई कृषि क्षेत्रमा आत्मनिर्भर वनाउँनको लागि "**एक घर एक करेसा बारी, बारीमा पाँच थरी तरकारी, एक गाउँमा एक फलफूल नर्सरी** "को नारालाई आत्मसाथ गरी आफ्नो वार्षिक कार्यक्रम समावेश गर्नाको लागि सम्बन्धित निकायलाई निर्देशन दिने ।

**निर्णय नं.११**

मुगु जिल्लामा सुस्क वा सुख्खा क्षेत्र भएको र पानीका मुहान एवं स्रोतहरु सुख्दै गएको वर्तमान परिपेक्षमा हाम्रो जस्तो हिमाली जिल्लामा हिउँ पर्ने हुँदा हिउँदमा हिउँ पोखरी निर्माण गरि हिउँको पानी संकलन गरी सिचाँई गर्ने प्रविधिलाई उपयोग गर्न सम्बन्धित निकायहरुलाई अनुरोध गर्ने ।

**निर्णय नं.१२**

यस जिल्लाको रारा, कालै र धैनकोट गा. वि. स. का आरन पेशा गर्ने व्यवसायीको परम्परागत पेशालाई आधुनिकिकरण गर्नको लागि ३० जनालाई आफर तालिमको व्यवस्था गरिदिन हुन सम्वन्धित निकायमा अनुरोध गर्ने ।

**निर्णय नं.१३**

जिल्ला विकास समितिले तयार गरेको एकिकृत प्राबिधक परिचालन कार्य योजना (कार्यबिधि) विषयगत समितिमा छलफल भयो उक्त कार्य योजना संशोधन सहित अनुमोदन गर्ने ।

**विविध निर्णयहरु**

**निर्णय नं १**

इलाका स्तरबाट छनौट भै आएका योजनाहरु र जिल्ला स्थित सरकारी कार्यालयबाट प्रस्ताव गरीएका कार्यक्मह‌रुको विश्लेषण गरि हेर्दा संचालन गर्न प्रस्ताव गरिएका योजनाहरु डोल्फु र भिइ गा.वि.स.मा शुन्य , नाथर्पु, कालै, मुगु र खमाले र कोटडांडा गा.वि.स.हरुमा ४ वटा भन्दा कम,रारा, किम्री, ह्याड्ल्, सेरी र श्रीकोट गा.वि.स. हरुमा १० वटा भन्दा कम योजनाहरु परेको देखिएकाले न्युन संख्यामा योजना प्रस्ताव भएका गा.वि.स.हरुलाई विशेष प्राथमिकता दिई जिल्ला विकास समितिले वजेटको व्यवस्था मिलाउने र यी गा.वि.स.हरुमा आफ्नो कार्यक्षेत्र बढाउन विषयगत निकायहरु तथा गैर सरकारी निकायहरुलाई निर्देशन दिने । साथै गै.स.स.ले कार्य क्षेत्र विस्तार गर्न वा नयाँ कार्यक्रम लागु गर्न स्विकृती लिन चाहेमा उक्त गा.वि.स.मा कार्यक्म संचालन गराउने व्यवस्था मिलाउने ।

**निर्णय नं २**

वस्तीस्तर, वडा नागरिक मञ्च, गा.वि.स. तथा इलाकास्तर हुदै आएका योजनाहरुलाई विषयगत समिति, एकिकृत योजना तर्जुमा समिति र जि.वि.स. बैठकबाट जिल्ला स्तर, क्षेत्रीयस्तर तथा केन्द्रियस्तरमा विभाजन गरी आएकोमा संशोधन सहित कार्यान्वयनको लागि सम्बन्धित निकायमा अनुरोध गरी पठाउने ।

**निर्णय नं ३**

जिल्लामा केन्द्रिय तथा क्षेत्रगत कार्यालयबाट संचालन हुने योजनाहरु प्रभावकारी रुपमा सम्पादन नभएको , जनताका माग वमोजिम र योजना तर्जुमाका १४ चरण पार गरेका योजनाहरु कार्यन्वयन गरिनु पर्नेमा केन्द्र तथा क्षेत्र स्तरबाट जथाभावी रुपमा योजना छनौट हुने गरेकाले यस्तो परिपाटिलाई रोक्न केन्द्रिय र क्षेत्रिय स्तरका कार्यालयहरुलाई यस विषयमा ध्यानाकर्षण गराउदै जि.वि.स. को सम्वन्धित योजना पुस्तिकामा परेका योजनामात्र छनौट गर्ने व्यावस्था मिलाउने । जि.वि.स.को कार्यालयले योजना शिफारिस गर्दा योजना पुस्तिकामा समावेश भएका योजनाहरुको मात्र शिफारिस गर्ने र कुनै कारणले योजना पुस्तिकामा नपरेका योजना शिफारिस गर्न परेमा जि.वि.स.बाट निर्णय गरेर मात्र शिफारिस गर्ने व्यावस्था मिलाउने ।

**निर्णय नं.४**

आगामि आ.व २०७२।७३मा संचालनका लागि पेश भएका जिल्ला विकास समितिको कार्यालय , विषयगत कार्यालयहरु , गैह्र सरकारी संस्थाहरुवाट प्रस्ताव भएका कार्यक्रमहरु संशोधन सहित पारित गरियो ।

**निर्णय नं.५**

आ.व. २०७०।०७१ को लेखा परिक्षण प्रतिवेदन माथि छलफल भयो । लेखा परिक्षणबाट औल्याइएका नियमित र असुल उपर गर्नुपर्ने बेरुजु नियमित र असूल उपर गर्न जि.वि.स. को कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.६**

जिल्ला विकास समितिमा लामो समयसम्म रिक्त पद पूर्ति नहुदा काम कारवाहीमा कठिनाई रहेकोले खुला पदपूर्तिको प्रकृयामा रहेका विज्ञापनहरुको तत्काल पदपूर्ति प्रक्रिया अघि बढाउन जि.वि.स. को कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं.७**

जिल्ला विकास समितिको कार्यालयमा बढुवा भइ पद समायोजन हुन बाँकी कर्मचारीहरु जनक बहादुर मल्ल, लेखापाल पाँचौ तह, धन बहादुर थापा सव ईन्जिनियर पाँचौ तह, मन बुमि, सव ईन्जिनियर पाँचौ तह तथा अन्य कर्मचारीहरुलाई प्रचलित ऐन, नियम, निर्देशिका वमोजिम पद समायोजन गर्न जि.वि.स. को कार्यालयलाई निर्देशन र अधिकार प्रदान गर्ने ।

**निर्णय नं.८**

जि.वि.स. को कार्यालयमा अस्थायी पदमा कार्यरत अ.स.ई. श्री विष्णुभक्त हितानलाई नियमानुसार मिति २०७१।०५।१३ मा स्थायी नियुक्ति दिइएकोमा निजको नियुक्तिलाई २०७१।।०५।१३ देखि नै लागू हुने गरी

अनुमोदन गरियो । साथै जि.वि.स.को कार्यालयमा कार्यरत स.क.अ. श्री खडगराज मल्लको प्रशासन अनुदान तर्फ पद समायोजन भएकोमा निर्णय भएकै मितिवाट लागू हुने गरि पद समायोजन निर्णय अनुमोदन गरियो ।

**निर्णय नं.९**

जि.वि.स. मा आगामी वर्षमा नियमानुसार गरिने कर्मचारी भर्ना नियुक्ति, बढुवा एवं समायोजन जस्ता कार्य गर्न जि.वि.स. को कार्यालयलाई निर्देशन र अधिकार प्रदान गर्ने ।

**निर्णय नं.१०**

जिल्ला विकास समितिले तयार गरेको आ.व. २०७२।०७३ को वार्षिक खरिद योजना स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.११**

आठौं जिल्ला परिषद्को संचालनको लागि भए गरेका सबै खर्चहरु समर्थन र अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२**

जिल्ला विकास समिति अन्तर्गतका कर्मचारीहरुको आ.व २०७२।७३को तलवी प्रतिवेदन पारित गरियो ।

**निर्णय नं.१३**

अस्पताल विकाश समितिको पहलमा एम्बुलेन्स ल्याएकोमा कार्यकारी समितिलाइ धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं १४**

मुगु जिल्लाको सदरमुकाम गमगढीमा बसपार्क निर्माणको कार्यलाई बजेट व्यवस्थाका लागि सम्वन्धित निकायलाई अनुरोध  गर्ने र वसपार्क निर्माणको लागि निशुल्क जग्गा उपलब्ध गराउने  जग्गाधनीमा धन्यवाद ज्ञापन गर्ने ।

**निर्णय नं १५**

गैर सरकारी संघ संस्थाहरुले गा.वि.स. क्षेत्रमा संचालन गर्ने कार्यक्रमहरुको  विवरण सम्वन्धित गा.वि.स. मा अनिवार्य रुपमा पेश गर्नु पर्ने तथा गाउँ परिषदबाट अनुमोदन गराउनु पर्ने ब्यावस्था मिलाउने ।